नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७७/७८
चलानी नम्बर:-

मिति:- २०७८/०३/१०

## मकवानपुरका प्रमुख जिल्ला अधिकारीबाट जारी थप आदेश ।

जिल्लाभित्र कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा मिति २०७८-०३-०६ गते प्रमुख जिल्ला अधिकारीद्वारा जारी आदेशमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, मकवानपुरको मिति २०७८-०३-१० को सिफारिसका आधारमा सो आदेशको बुँदा नं. २ को २.२ र २.३ मा देहायबमोजिम थप गरी संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड-१९ संङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम यो थप आदेश जारी गरिएको छ । यो आदेशको बर्खिलाप भए, गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

देहाय:-

१. हेटौडा स्थित खोपेगल्लीमा रहेका खाद्यान्न पसलहरू (तरकारी पसल बाहेक) विहान ४:०० बजेदेखि विहान १०:०० बजेसम्म र पुस्तक तथा स्टेसनरी, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स पसलहरू, हार्डवेयर पसल, भाँडा पसल, कपडा पसल, टेलर, जुत्ताचप्पल पसल, सवारी साधन मर्मत गर्ने वर्कसप तथा मोटर पार्टस् विक्रीवितरण गर्ने पसलहरू दिनको १२:०० बजेदेखि दिनको ४:०० बजेसम्म मात्र सञ्चालन हुने गरी खोल्न दिने ।

२०७८/३/१०
भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी